## बकैया गाउँकार्यपालिकाको मिति २०७५।११।२१ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. विशेष अनुदान सम्बन्धमा

नेपाल सरकारबाट स्थानीय तहहरुलाई प्रदान गरिने विशेष अनुदान प्राप्तीको लागि गाउँपालिकाको तर्फबाट तपशिल बमोजिमका योजनाहरु सिफारिस गरि अनुदान माग गर्ने निर्णय गरियो ।

तपशिल

| क्र सं | योजनाको नाम | संख्या | ठेगाना | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | इ लाइब्रेरी | १२ | गापा भरी | ४८,०९५,४१९.२० | |
| २ | कर्मचुली फुटबल खेलमैदान | १ | बकैया ५ | ८,५३१,५८९.०० | |
| ३ | सिमात खेलकुद मैदान | १ | बकैया ११ | ५,३३०,००६.४३ | |
| ४ | जुइना खेल मैदान | १ | बकैया ६ | ७,६०६,६१६.६० | |
| ५ | माझी उत्थान संग्रहालय | १ | बकैया ६ | १,७५१,१४२.६३ | |
| ६ | च्याउच्याउँ एक्लेदमार खेलमैदान | १ | बकैया ९ | १४,४५५,९०७.८९ | |
| ७ | भिरकोट फुटबल खेलमैदान | १ | बकैया ७ | १४,८९०,६१४.०९ | |
| ८ | बस्तिपुर खेलमैदान | १ | बकैया ८ | ११,९११,४८०.४७ | |
| ९ | बकैया ठाकुर खेलमैदान | १ | बकैया ८ | १४,४५५,९३०.७१ | |
| १० | सरस्वती खेल मैदान | १ | बकैया २ | ३,८३६,२१३.९८ | |
| ११ | छत्रेश्वर मन्दिर निर्माण | १ | बकैया ४ | १,२९८,१९४.०५ | |
| १२ | सोवी खेलमैदान | १ | बकैया ४ | ६,७३६,७८३.५९ | |
| १३ | घ्याम्पे फाँट खेलमैदान | १ | बकैया १० | ३,१६८,२७०.०३ | |
| १४ | रातो थली खेल मैदान | १ | बकैया ४ | ६,९०९,९३१.५९ | |
| १५ | बाल विकास आधारभुत विद्यालय घेराबार | १ | बकैया २ | ६,१८६,६८८.९७ | |
| १६ | धनेश्वर पार्क निर्माण | १ | बकैया ७ | १०,०४०,४३७.१२ | |
| १७ | होस्टेल निर्माण | १ | बकैया ६ | ६,५०१,७३०.१७ | |
| १८ | धनेश्वर पशुपति निर्माण | १ | बकैया ७ | २,५०७,४००.०२ | |
| १९ | ज्ञानप्राप्ती प्रावी खेलमैदान र घेराबार | १ | बकैया ७ | २,३२९,४८४.३७ | |
| २० | महेन्द्र मावी टेवा पर्खाल निर्माण | १ | बकैया ४ | ९,९९६,३१०.३९ | |
| २१ | कर्मप्राप्ती मावी ICT निर्माण | १ | बकैया ५ | १,९९५,२३५.०० | |
| २२ | टासी छोइलिङ्ग गुम्बा | १ | बकैया ६ | २६,१९७,३३७.४२ | |
| | जम्मा | | | २१४,७३२,७२३.७२ | |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## २. शिक्षा तर्फको शशर्त कार्यक्रम सम्बन्धमा:-

बकैया गाउँपालिकाको लागि चालु आ.व. ०७५।७६ मा शिक्षा तर्फ विनियोजित शशर्त अनुदानबाट संचालन गरिने तपशिल बमोजिमको कार्यक्रम तपशिल बमोजिमको विद्यालयमा संचालन गर्ने गरी निर्णय गरियो ।

तपशिल

| क सं | कार्यक्रमको नाम | विद्यालय | स्थान | कै |
|---|---|---|---|---|
| १ | पानी तथा स्वास्थ्य सरसफाइ सुविधा सहितको शौचालय निर्माण | श्री जनक मावी | बकैया ७ | |
| | | श्री जनजागृती निमावी | बकैया ८ | |
| | | श्री कालीदेवी निमावी | बकैया ११ | |
| २ | पुस्तकालय स्थापना तथा व्यवस्थापन(फिक्सिङ,किताव खरिद तथा इ पुस्तकालय समेत) | श्री कर्मप्रासी मावी | बकैया ५ | |
| ३ | विज्ञान प्रयोगशाला निर्माण | श्री गितावर निमावी | बकैया ५ | |
| ४ | शिक्षण सिकाइमा सूचना प्रविधीको प्रयोग(कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा सामाग्री खरिद) का लागि अनुदान | श्री कालिका मावी | बकैया २ | |
| ५ | २ कोठे भवन निर्माण | जनश्रम आधारभुत वि | बकैया ६ | |
| | | जन भावना प्रा वी | बकैया ९ | |

## ३. कार्यविधी सम्बन्धमा:-

बकैया गाउँपालिकाका विभिन्न वडाहरुमा भोगचलन भइरहेको ऐलानी जग्गाको तथ्याङ्क संकलन गरी नक्सा तयार गरी सार्वजनिक जग्गाको अतिक्रमण रोक्न नापी सर्वेक्षण कार्यक्रम संचालन गर्न एक कार्यविधी निर्माण गरी अघि बढ्ने निर्णय गरियो ।

## ४. सांस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग सम्बन्धमा:-

बकैया गाउँपालिकाका निम्न वडाहरुमा ल्होछार पर्वको उपलक्ष्यमा संचालन गरिएको साँस्कृतिक कार्यक्रम तथा शुभकामना आदान प्रदान कार्यक्रम संचालन गर्दा खर्च भएको रकम सम्बन्धित आयोजकद्वारा पेश भएको विल भरपाइको आधारमा तपशिलमा नबढ्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

| क सं | आयोजक | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुशैतिम साँस्कृतिक मञ्च केन्द्रिय समिति | बकैया १ | रु १ लाख | |
| २ | नेपाल तामाङ्ग घेदुङ | बकैया ५ | रु १ लाख | |
| ३ | कुन्गायशे छोइखोर्लिङ गुम्बा | बकैया ७ | रु २५ हजार | |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर ३ नं. प्रदेश, नेपाल

दामोदर खनाल

**५. साहित्यिक कार्यक्रम संचालन र भुक्तानी सम्बन्धमा:-**

बकैया गाउँपालिका मुख्य कार्यक्षेत्र रहि गाउँपालिकाको साहित्यिक विकासमा सक्रिय रहेको झरना साहित्यिक परिवारले आयोजना गर्ने 'बृहत साहित्यिक गोष्ठी तथा स्रष्टा सम्मान कार्यक्रम' संचालनको लागि उक्त संस्थाले पेश गरेको प्रस्ताव बमोजिम कार्यक्रम संचालन गर्दा खर्च भएको रकम सम्बन्धित आयोजकद्वारा पेश भएको विल भरपाइको आधारमा रु १,५०,०००।०० मा नबढ्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**६. रकम उपलब्ध गराउने सम्बन्धमा :-**

मकवानपुर जिल्ला फुटबल संघको मिति २०७५।१०।२५ को पत्रबाट अनुरोध भए बमोजिम 'दोस्रो शहिद स्मृती मकवानपुर गोल्डकप-२०७५' आयोजनाको लागि आयोजकद्वारा पेश भएको विल भरपाइको आधारमा यस गाउँपालिकाबाट रु १,५०,०००।००मा नबढ्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**७. रकम उपलब्ध गराउने सम्बन्धमा :-**

जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरको च नं ११२२ मिति २०७५।११।३ को पत्रबाट सहयोगापेक्षी सडक मानवमुक्त जिल्ला घोषणा कार्यक्रमको लागि रकम माग भए बमोजिम उक्त महान कार्यक्रमको लागि यस गाउँपालिकाको तर्फबाट रु ५०,०००।०० रकम पत्रबाट अनुरोध भए बमोजिम जिल्ला समन्वय समिति मकवानपुरको खातामा उपलब्ध गराउने निर्णय गरियो ।

**८. रकम उपलब्ध गराउने सम्बन्धमा :-**

नेल्टा मकवानपुरको मिति २०७५।१०।२४ को पत्रबाट अनुरोध भए बमोजिम 'अंग्रेजी भाषा शिक्षण सम्बन्धी सम्मेलन' आयोजनाको लागि आयोजकद्वारा पेश भएको विल भरपाइको आधारमा यस गाउँपालिकाबाट रु २०,०००।०० नेल्टा मकवानपुरलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**९. रकम उपलब्ध गराउने सम्बन्धमा :-**

जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको मिति २०७५।१०।२७ को पत्रबाट अनुरोध भए बमोजिम बचत तथा ऋण सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्धनका लागि 'सहकारी संचालक कार्यशाला गोष्ठी' आयोजनाको लागि आयोजकद्वारा पेश भएको विल भरपाइको आधारमा यस गाउँपालिकाबाट रु ३०,०००।०० उक्त सहकारी संघलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**१०. आन्तरिक लेखा परिक्षण सम्बन्धमा:-**

बकैया गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखा स्थापना नभइसकेकोले चालु आर्थिक वर्ष २०७५।७६ को आर्थिक कारोवारको आन्तरीक लेखा परिक्षण कार्यको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँढे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष